म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७५ शनिबार, १५ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 1 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अनलाइन सञ्चारमाध्यम दर्ता गर्न ५ हजार, नवीकरणमा २५ सय

हेटौंडा, १४ कात्तिक/अबदेखि अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणको लागि शुल्क लाग्ने भएको छ । सरकारले छापाखाना र प्रकाशनसम्बन्धी नियमावली संशोधन गर्दै सञ्चारमाध्यमको दर्ता र नवीकरणमा शुल्क लाग्ने व्यवस्था गरेको हो । यसअनुसार अनलाइन सञ्चारमाध्यम दर्ताका लागि ५ हजार रुपैयाँ शुल्कसहित आवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । यस्ता सञ्चारमाध्यमहरु प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने र यसरी नवीकरण गर्दा प्रत्येक पटक २ हजार ५ सय शुल्क लाग्ने व्यवस्था गरिएको छ । नियमावलीले यसअघि जिल्ला प्रशासन कार्यालयबाट दर्ता हुँदै आएका पत्रपत्रिका लगायतलाई सूचना तथा प्रसारण विभागमार्फत दर्ता तथा नियमन हुने व्यवस्था मिलाएको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै संशोधित नियमावली कार्यान्वयनमा ल्याएको हो ।

### पछिल्ला वर्षमा सामाजिक सञ्जालको प्रभावले मिडियाको विश्वसनीयता घट्दै

## अधिकारको प्रयोगमा प्रदेश सरकारको कमजोरी: प्रवक्ता गुप्ता



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ पछिल्लो समय सामाजिक सञ्जालमा फैलिरहेका भ्रामक सूचनालाई चिर्दै जिम्मेवारीपूर्वक सत्यतथ्यमा आधारित समाचारलेखन कसरी गर्ने भन्ने विषयमा हेटौंडामा अन्तरक्रिया गरिएको छ ।

जनपत्र मिडिया प्रालिको आयोजनामा नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा शुक्रबार भएको कार्यक्रममा पत्रकारितामा बढ्दो चुनौती, तथ्य पुष्टि र विश्वसनीयताका विषयमा विस्तृत छलफल गरिएको थियो । नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै पछिल्ला वर्षमा सामाजिक सञ्जालको प्रभावले मिडियाको विश्वसनीयता घट्दै गएको बताए ।

अधिकारीले अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्दा सही सूचना र तथ्य परीक्षणको जिम्मेवारी पत्रकारकै हुने भन्दै पत्रकारितामा नैतिकता र उत्तरदायित्व आवश्यक रहेको उल्लेख गरे । तुरुन्त र छोटोरुपमा सूचना चाहने भएकाले मिडियाले समाचारको गहिराइभन्दा गति र ट्रेण्डमा ध्यान दिनुपर्ने दबाब बढेको बताउँदै उनले भने-'अनलाइन माध्यममा नि:शुल्क सामग्री र विज्ञापनमा गिरावटले परम्परागत सञ्चारमाध्यमका आर्थिक स्रोत घटेका छन् । पुस्ताले बहुआयामिक सूचना स्रोत प्रयोग गर्ने भएकाले मिडियाले तथ्य जाँचमा अझ कडा मापदण्ड कायम गर्नुपर्ने भएको छ । सामाजिक सञ्जालका समाचार वितरणमै प्रभुत्व जमाएका छन्, जसले परम्परागत माध्यमको पहुँच घटाएको छ।'

अनलाइन प्लेटफर्ममा अभिव्यक्ति स्वतन्त्रताको नाममा अनियन्त्रित सामग्री आउँदा कानुनी र नैतिक दुवै चुनौती बढेको उनले बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष सारुमगरले अहिलेको अवस्थामा पत्रकार झनै जिम्मेवार भएर नागरिकलाई आधिकारिक सूचना प्रदान गर्नुपर्ने बताए । अहिलेको अवस्थामा पत्रकारका लागि सरकार पक्ष र नागरिक पक्षबाट पनि निकै चुनौती खेप्नुपरेको उनको भनाई छ । तर, पत्रकारले लेख्ने विषयमा भने चुनौतीको सामना गर्दै अगाडि बढ्नुपर्ने उनले बताए । सामाजिक सञ्जालमा अहिले अराजक तत्वहे गर्दा थप समस्या भएको र उनीहरुले राखेका फेक समाचारका कारण पनि समस्या बढेको अध्यक्ष मगरले बताए ।

सामाजिक सञ्जालमा आएका नकारात्मक विषयलाई चिर्न जरुरी रहेको अध्यक्ष सारुमगरको भनाइ छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले सामाजिक सञ्जालमा आएका नकारात्मक विषयलाई आमनागरिक्ले विश्वास गर्ने गरेको बताए । त्यसलाई बुझ्न जरुरी रहेको र सत्य विषय समाचारका माध्यबाट लिन नागरिकलाई उनले आग्रह गरे । अहिले पनि फेक समाचारका पछाडि लाग्ने समाजका कारण थप समस्या भएको उनले बताए । कार्यक्रममा बागमती प्रदेशसभाका प्रवक्ता मनोजकुमार गुप्ताले संघीय शासन प्रणालीको मुख्य आधार प्रदेश भएको बताउँदै प्रदेशसभाले संविधानले दिएको अधिकारका दायराभित्र रही कानुन निर्माणमा सक्रिय हुनुपर्ने आवश्यकता औंल्याएका छन् ।

उनले ओमप्रकाश थपलिया नेतृत्वको कानुन अध्ययन समितिले प्रदेश सञ्चालनका लागि पहिचान गरेको ८२ मूल कानुनमध्ये हालसम्म ५० वटा मात्रै निर्माण भएको जानकारी दिए । गुप्ताका अनुसार पहिलो कार्यकालमा ४३ वटा मूल कानुन सहित ७० कानून बनेका थिए भने दोस्रो कार्यकालमा हालसम्म ७ वटा मूल कानुनसहित जम्मा २४ वटा कानुन निर्माण भएका छन् । उनले संविधानले दिएको अधिकारको प्रयोगमा प्रदेश सरकार र प्रदेशसभामा दुबै तहमा कमजोरी रहेको बताउँदै बागमती प्रदेश कानुन निर्माणका दृष्टिले अन्य प्रदेशभन्दा अगाडि रहेको बताए ।

प्रवक्ता गुप्ताले देशका सातै प्रदेशका सरकारका संरचना जलाइएको र बागमती प्रदेशसभा जेनजी आन्दोलनबाट ध्वस्त भएको बताए । प्रदेश संरचना र सरकारका राम्रा गरिएका काम बाहिर ल्याउन नसक्दा पनि प्रदेशप्रति जनताको वितृष्णा बढेको उनले बताए । प्रदेशसभाको विषयलाई लिएर अरु बाँकी कानून निर्माण किन हुन सकेनन् भनेर प्रश्न उठाउने ठाउँ रहेको उनले बताए । प्रदेशसभाका संरचनामा आगलागी हुँदा ३३ करोड रुपैयाँको क्षति भएको उनले जानकारी दिए । अब मुख्यमन्त्री कार्यालयको सभाहललाई मर्मत गरेर प्रदेशसभाको बैठक बस्ने तयारी गरिएको उनले बताए ।

मकवानपुरका अग्रज पत्रकार रामकुमार एलन, स्वतन्त्र पत्रकार संघका बागमती प्रदेश महासचिव सुरेश श्रेष्ठ, नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष भावना रिजाल, प्रेसचौतारी मकवानपुरका अध्यक्ष सरिता दाहाल, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी, बागमती प्रदेशसभाका रिपेश दाहाल, गंगाकुमारी लामिछाने लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमको उद्देश्यका बारेमा जनपत्र मिडिया प्रालिका अध्यक्ष हरि हुमागाईले प्रकाश पारेका थिए ।

## यातायात क्षेत्र सुधारका लागि उच्चस्तरीय समिति गठन गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ बागमती प्रदेश सरकारले यातायात क्षेत्रको पुनरावलोकन र सुधारका लागि उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको छ ।

शुक्रबार बसेको मन्त्रि परिषद् बैठकले श्रम, रोजगार तथा यातायात मन्त्रालयको प्रस्तावमा बागमती प्रदेश यातायातक्षेत्र पुनरावलोकन तथा सुधार उच्च स्तरीय समिति कार्यक्षेत्रगत सर्त स्वीकृति एवम् समिति गठन गर्ने निर्णय गरेको हो ।

प्रदेशको यातायातक्षेत्रमा व्यापक समस्या देखिएपछि त्यसलाई सुधार गर्न मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अग्रसरतामा समिति गठन गरिएको हो । 'यातायातक्षेत्र हाम्रो प्रदेशको सबैभन्दा बढी राजस्व आम्दानी हुने क्षेत्र हो । देशभरको करिब ६० प्रतिशत सवारी यस प्रदेशमा रहेका छन् । त्यसलाई व्यवस्थित गर्न हामीले उच्चस्तरीय समिति बनाउने भएका हौं । समितिको प्रतिवेदनका आधारमा हामी अगाडि बढ्नेछौं' उनले भने ।

मुख्यमन्त्री बानियाँका अनुसार यातायातक्षेत्रबाट वार्षिक १४ अर्ब रुपैयाँ राजस्व संकलन हुने गरेको छ । उनका अनुसार हरेकपटक ट्रायल सेन्टर खोल्दा, लाइसेन्स वितरण गर्दा र रुटपर मिट वितरण गर्दा विवाद हुने देखिएपछि उच्चस्तरीय समिति निर्माण गरिएको हो । 'यो समितिको प्रतिवेदन कार्यान्वयन गरेपछि पक्कै पनि यातायातक्षेत्रमा देखिएको समस्या समाधान हुनेछ,' उनले भने ।

बैठकले संघीय सरकार मातहत रहेका प्रहरी संगठन र मालपोत कार्यालयलाई खर्च उपलब्ध गराउन अख्तियारी प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताए । प्रहरी संगठनका सवारीसाधन र भवन मर्मतका लागि १६ करोड ६६ लाख रुपैयाँ बराबरको बजेट उपलब्ध गराइने भएको छ ।

त्यस्तै, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको प्रस्तावमा जेनजी आन्दोलनका क्रममा क्षति पुगेका भूमि सुधार तथा मालपोत कार्यालयका लागि ४ करोड रुपैयाँ उपलब्ध गराइने निर्णय बैठकले गरेको छ । जेनजी आन्दोलनका क्रममा यातायातसँग सम्बन्धित सेवा कार्यालय बन्द रहेको अवधिको करछुट दिने निर्णय पनि सरकारले गरेको छ । बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्तावमा प्रदेश जीवनाशक विषादि व्यवस्थापन ऐन बनाउन विधेयक तयार गर्ने निर्णय गरेको छ । यस ऐनमार्फत प्रदेशस्तरमा कीटनाशक र विषादिको प्रयोग, नियमन र व्यवस्थापनमा एकरुपता ल्याउने तयारी गरिएको हो । ललितपुर महानगरपालिकालाई चीनको गोन्जाउ सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

## भूमि आयोग खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न दिएको आदेश निरन्तरता




साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ सर्वोच्च अदालतले भूमि समस्या समाधान आयोग खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

न्यायाधीशद्वय कुमार रेग्मी र शान्तिसिंह थापाको इजलासले आयोग खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको हो । यसअघि, न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारको आयोग खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको थियो । आदेशमा भनिएको छ, 'यस अदालतबाट २०८२ कात्तिक ११ गतेमा भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ, प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तुको सुनुवाइ यथाशीघ्र हुनुपर्ने प्रकृतिको देखिँदा सो प्रयोजनका लागि पेसी स्थगन गर्न नपाउने गरी आगामी मङ्सिर १४ मा पेसी तोकीदिएको छ ।'

न्यायाधीश पोखरेलको इजलासले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेश गरेको थियो । अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्षलाई छलफलका लागि बिहीबार बोलाएको थियो । शुक्रबार सार्वजनिक भएको आदेशमा अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ । आयोगका अध्यक्ष हरिप्रसाद रिजालले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलगायत विपक्षी बनाई मन्त्रिपरिषदले गत असोज २३ गते भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय खारेज गर्न माग गर्दै रिट निवेदन दायर गरेका थिए ।

## यही महिनाभित्र माओवादीसँग एकता घोषणा: विरोध खतिवडा




साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य विरोध खतिवडाले नेकपा माओवादी केन्द्रसँग पार्टी एकता गर्ने निर्णय आज नै हुनसक्ने बताएका छन् ।

केन्द्रीय कमिटी बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उनले यस्तो जानकारी दिएका हुन् । उनका अनुसार, यही महिनाभित्र पार्टी एकता घोषणा हुनेछ । 'एमाले बाहेकका अरु पनि यसमा आउँछन् । एमालेभित्र पनि अहिले जुन अन्तसंघर्ष र द्वन्द्व चलिरहेको छ, त्यसभित्रका इमानदार हरु पनि आउने बाटो खुल्छ,' उनले भने, 'यसका हरेक पक्ष सकारात्मक छ । सम्भवत: आज नै हामी एकताको निर्णय गर्छौं । सम्भवत: यही महिनाभित्र नै हामी राष्ट्रिय भेला गरेर एकताको घोषणा गर्छौं ।' कम्युनिष्ट पार्टीमा यसअघि देखिएको रोग चिर्नेगरी यसपटक माओवादीसँग आफ्नो पार्टीको एकता हुन लागेको उनले बताएका छन् ।

विद्यमान कम्युनिष्ट पार्टीहरुमा माओवादी दोस्रो र आफ्नो दल तेस्रो भएकोले दुवै मिलेर मूलधारको कम्युनिष्ट पार्टी बनाउन लागेको जिकिर गरे । 'वामपन्थीहरुको सुरुदेखिकै एक हुनुपर्छ भन्ने हो । विश्वकै कम्युनिस्ट एक हौं भन्ने हो । तर, व्यवहारमा जुटेको भन्दा फाटेको इतिहास बढी आउँछ र जोगीको कुटिजस्तो एउटा एउटा कुटिको मठाधीश भएर बस्ने रोग छ,' उनले भने, 'त्यसलाई चिरेर हामी एकता प्रक्रियामा जाँदैछौं । माओवादी कम्युनिस्ट पार्टीमध्येको दोस्रो हो । हामी तेस्रो कम्युनिस्ट पार्टी हौं । दोस्रो र तेस्रो कम्युनिस्ट पार्टीको एकता गरेर मूलधार सिर्जना गर्न यो आवश्यक छ ।' एकता गर्दा भाँड्ने तत्वहरु आउने भन्दै त्यसबाट जोगिनुपर्ने उनको भनाइ छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# युद्ध लड्ने रोबोट कुकुर बनाउँदै चीन



प्रविधिको विकाससँगै युद्धका तरिका तथा हतियारहरू पनि बदलिइरहेका छन् । भविष्यमा पारम्परिक हतियार तथा उपकरणबाट होइन कि रोबोट तथा एआई प्रविधियुक्त रोबोटिक ड्रोन र कुकुरबाट युद्ध लडिनेछ ।

चीन अहिले यस्तै अत्याधुनिक एआई सञ्चालित हतियार निर्माणमा जुटेको छ । उसको प्रतिष्पर्धा अमेरिकासँग छ, जसले एआई क्षमतायुक्त स्वचालित ड्रोनको फौज तयार गरिरहेको छ । यस्तोमा चीनले चाहीं एआई प्रविधि जडित रोबोटिक कुकुर तयार पार्दैछ, जसले भविष्यमा शत्रु पक्षका सैनिकसँग युद्ध गर्नेछ ।

रोयटर्सका अनुसार चीनको सरकारी रक्षा कम्पनी नोरिन्कोले गत फेब्रुअरीमा एउटा सैन्यवाहन तयार पारेको छ । यसले ५० किलोमिटर प्रतिघण्टाको गतिमा स्वचालित रुपमा बख्तरबन्द अभियान चलाउन सक्नेछ । यो चिनियाँ एआई डीपसीकबाट चल्नेछ ।

चीनमा सैन्य अभियानमा एआई एप्लिकेसनको प्रयोगसँग सम्बन्धित सयौं शोधपत्र, पेटेन्ट तथा खरिद रेकर्डहरूको समीक्षा रोयटर्सले गरेको छ । यसबाट एआई सञ्चालित रोबोट, रोबोटिक एप्लिकेसन तथा ड्रोनको मतले भविष्यको युद्ध लडिनेछ भन्ने विषयमा चर्चा गरिएको छ ।

यस्तै एक दस्तावेजका अनुसार चीनले एआई सञ्चालित रोबोट कुकुर समेत बनाउने तयारी गरिरहेको छ । उक्त रोबोटिक कुकुर समूह बनाएर युद्ध मैदानमा उत्रिनेछ र सम्भाविन लक्ष्यलाई ट्र्याक गर्दै आकासमा उडिरहेको ड्रोनलाई त्यसबारेमा सूचना दिनेछ ।

यसले एउटा वार गेम कन्सोलको जस्तै कमान्ड सेन्टरमा काम गर्नेछ । यस एआईयुक्त रोबोटिक कुकुर र ड्रोनले आफैंले लक्ष्य तथा सम्भावित खतरा पहिचान गरी त्यसको सूचना कमान्ड सेन्टरमा पठाउँछ र त्यहाँबाटै अगाडिको कारवाहीका निम्ति निर्देशन प्राप्त हुनेछ ।

सन् २०२४ मा चिनियाँ जनमुक्ति सेनाले एआई सञ्चालित रोबोट कुकुरका लागि एक प्राविधिक टेन्डर जारी गरेको थियो जसले युद्ध मैदानमा खतराको खोजी गर्न सकोस् र विस्फोटक वा बारुदी सुरुङ जस्ता खतरालाई पन्छाउन सकियोस् ।

**जीवनशैली/स्वास्थ्य**

# ‘यौनको विधि र आसनबारे छलफल नै गर्दैनन् नेपाली दम्पती’



एउटा भनाइ छ, नेपाली दम्पतीको खटपट ओछ्यानबाट सुरु हुन्छ । यसले दम्पतीबीच हुने यौन असमझदारी र असन्तुष्टितर्फ संकेत गर्छ । ‘यौन’ भन्नासाथ खुम्चिने नेपाली समाज यसबारे खुला बहस गर्न हच्किन्छ । यौनलाई ‘छाडा’ भन्ने मनोसामाजिक धारणाको दीर्घकालीन असर दम्पतीको ओछ्यानसम्म परेको छ । नतिजा, श्रीमान-श्रीमती एकआपसमा यौनका विषयमा कुरा गर्दैनन् । यौनका तौरतरिका र विधिहरुमा बहस गर्दैनन् । त्यसैले उनीहरु उन्मुक्त यौनसुखबाट वञ्चित छन् ।

नेपाली दम्पतीको यौन व्यवहार आफैंमा संकुचित र अतृप्त रहेको बताउँछन्, मनोविद्हरु । ‘अधिकांश दम्पती यौन सुखको उत्कर्षमा पुग्न पाउँदैनन्,’ मनोचिकित्सक विजय ज्ञवाली भन्छन्, ‘यसमा उनीहरु पूर्णतया सन्तुष्ट भइरहेका छैनन् ।’

विवाहेत्तर सम्बन्धदेखि सम्बन्ध-विच्छेदसम्मको स्थिति आउनुमा ‘अतृप्त यौन’ पनि एउटा मूल कारण रहेको उनीहरुको भनाइ छ । ‘नेपाली समाजले यौन व्यवहारलाई सहर्ष रुपमा स्वीकार्न सकेको छैन,’ मनोचिकित्सक ज्ञवाली भन्छन्, ‘किनभने यसलाई बद्नाम गरिएको छ ।’ यौनका विषयमा दम्पतीबीच जति बहस हुनुपर्ने हो त्यसो नभएको उनको विश्लेषण छ ।

अक्सर यौनमा पुरुष हाबी हुने गरेका छन् । जब पुरुषलाई यौन इच्छा जाग्छ, तब उनीहरु यौन क्रिया सुरु गर्छन् । पार्टनर तयार छन् वा छैनन्, पार्टनरको मानसिक स्थिति कस्तो छ ? उनीहरुले बुझ्ने धैर्यता राख्दैनन् । बस्, आफूमा इच्छा जाग्नासाथ उनीहरु महिलामाथि भोग गर्न हतारिन्छन् ।

### छैन छलफल

कसरी यौन सुखभोग गर्ने ? कसरी यसमा दुवै पार्टनर सहभागी हुने ? कसरी चरम आनन्दको स्थितिमा पुग्ने ? कस्तो आसन अपनाउने ? कस्तो वातावरण व्यवस्थापन गर्ने ? यस विषयमा दम्पतीबीच सायदै कुराकानी हुन्छ । कतिसम्म भने एक जनामा यौन इच्छा जाग्नासाथ अर्को पार्टनर तयार हुनुपर्ने प्रवृत्ति छ । त्यसैले दुवैजना समान रुपमा यौनमा सक्रिय र सहभागी भइरहेका हुँदैनन् । मनोविद् गोपाल ढकाल भन्छन्, ‘यौन भनेको पुरुषको मात्र अधिकार हो भन्ने मनोविज्ञान छ । महिलाले यौनको विषयमा खुलेर कुरा गर्दा चरित्रलाई लिएर प्रश्न गरिन्छ ।’ त्यसैले महिलाले चाहेर पनि यौनप्रतिको आफ्नो रुचि जाहेर गर्न नसक्ने उनको बुझाइ छ ।

मनोविश्लेषक वासु आचार्य सांस्कृतिक, आर्थिक, सामाजिक, धार्मिक कारणले यौन छलफलको विषय नहुने बताउँछन् । पौराणिक मूल्य मान्यताहरुलाई अनुशरण गर्दा यौनको विषयमा खुलेर बोल्न हुँदैन भन्ने मान्यता रहेको छ । ‘छलफल गर्ने प्रवृत्ति नँया पुस्ताले गरेपनि सबैका हकमा यो लागु भएको छैन’ मनोविद् करुणा कुवँर भन्छिन्, ‘यौनका विषयमा खुल्ला रुपमा छलफल गर्दा नराम्रो सोच्छन् भन्ने भय छ ।’ ‘नेपाली समाजमा यौन शिक्षा र यौन सन्तृष्टि दुवैको कमी छ,’ मनोचिकित्सक विजय ज्ञवाली भन्छन् ।

### पुरुष हाबी

अक्सर यौनमा पुरुष हाबी हुने गरेका छन् । जब पुरुषलाई यौन इच्छा जाग्छ, तब उनीहरु यौन क्रिया सुरु गर्छन् । पार्टनर तयार छन् वा छैनन्, पार्टनरको मानसिक स्थिति कस्तो छ ? उनीहरुले बुझ्ने धैर्यता राख्दैनन् । बस्, आफूमा इच्छा जाग्नासाथ उनीहरु महिलामाथि भोग गर्न हतारिन्छन् ।

यसैगरी वीर्य स्खलनपछि उनीहरु शिथिल हुन्छन् । महिला पार्टनरले यौनमा सुखभोग गरे वा गरेनन् ? उनीहरु बुझ्न चाहँदैनन् । आखिर किन महिलाहरु आफनो यौन इच्छा बताउँदैनन् ? किन उनीहरु आफ्नो सन्तुष्टि अनुरुप यौन क्रियामा सहभागी हुँदैनन् ? ‘महिलाले यौनबारे कुरा गर्दा यौनमा अग्रसरता देखाउँदा उनीमाथि नराम्रो धारणा राखिन्छ,’ मनोचिकित्सक ज्ञवाली भन्छन्, ‘त्यसैले उनीहरु चुपचाप बस्न बाध्य छन् ।’ पुरुषप्रधान सोचका कारण पनि दम्पतीको यौन जीवन खल्लो हुने गरेको उनको बुझाइ छ । ‘कुनै महिलाले विवाहको पहिलो रातमै सक्रियता देखाइन् भने उनीमाथि शंका गरिन्छ,’ ज्ञवाली भन्छन् ।

मनोविद करुणा कुँवरका अनुसार महिलाभन्दा पुरुष नै बढी यौनमा अग्रसर हुने गर्छन् । ‘यद्यपि पछिल्लो पुस्तामा केही परिवर्तन देखिँदैछ,’ कुँवर भन्छिन्, ‘उनीहरु आपसी समझदारी र सक्रियता खोज्न थालेका छन् ।’

### अपनाउँदैनन् आसन

यौन सुखका लागि अनेकन आसन प्रचलनमा छन् । विश्वकै पहिलो यौन संहिता मानिएको वात्सयानको कृति ‘कामसूत्र’ले पनि यौनका आसन र त्यसको प्रयोग विधि उल्लेख गरेको छ । हाम्रा मन्दिरका टुँडालहरुमा यौन आसनका अनेक आकृति देख्न सकिन्छ । यौनमा नयाँपन अनुभव गर्नका लागि यौनका भिन्नभिन्नै आसन अभ्यास गर्नुपर्ने सुझाव दिइन्छ । यद्यपि, नेपाली दम्पती यौन आसनबारे त्यति अभ्यास नगर्ने मनोविद्हरुको बुझाइ छ ।

यौन आसनले यौनलाई ताजापन दिन्छ । सधैं एउटै खाना खाँदा रुचि कम भएजस्तै एउटै आसनले सन्तृष्टि दिन नसक्ने मनोविद् गोपाल ढकाल बताउँछन् । यौनको आसनले यौन जीवनलाई नवीकरण गर्न सहयोग पुऱ्याउने भएकाले यसबारे नयाँ पुस्ताको सक्रियता बढ्दै गएको उनको भनाइ छ । कतिपयले भने देखासिकीमा यौन आसन अपनाउँदा त्यसले यौन सन्तुष्टि भन्दा बढी पीडा दिने गरेको बताउँछिन्, मनोविद् कुँवर । अहिले कतिपयले पोर्न साइट हेरेर त्यसैको सिको गर्ने गर्ने गरेको उनी बताउँछिन् । ‘पोर्न साइटमा त अभिनय गरिएको हो । धेरै टेक लिएर त्यस्तो छायांकन गरिन्छ,’ कुँवर भन्छिन्, ‘अन्धाधुन्द त्यसैलाई अनुसरण गर्दा यौन सुख प्राप्त नहुन सक्छ ।’

यौन शारीरिक क्रिया भएपनि भावनात्मक उपस्थिति महत्वपूर्ण हुने उनको भनाइ छ । त्यसैले यौनमा सहभागी भइरहँदा उनीहरु कस्तो भावनात्मक स्थितिमा छन् भन्ने कुराले यौन सुखको निर्धारण गर्छ । मनोविश्लेषक सिग्मड फ्रायडको अनुसन्धानले के देखाएको छ भने यौनमा ८० प्रतिशत उपस्थिति मानसिक हुन्छ । त्यसमा शारीरिक उपस्थिति २० प्रतिशत मात्र हुन्छ ।

### गरिबी र अस्तव्यस्त जीवन यौन सुखको बाधक

आर्थिक कमजोरी, गरिबी, बेरोजगारी र धपेडीपूर्ण जीवनले पनि अहिले नेपाली दम्पतीको यौन सुख हरण गरिरहेको मनोविदहरुको भनाइ छ । व्यक्तिको मानसिक स्वास्थ्य कस्तो छ भन्ने कुराले उनीहरुको यौन जीवनमा प्रभाव पार्छ । मानसिक रुपले स्वस्थ मान्छेले मात्र पूर्ण रुपमा यौन सुखभोग लिन सक्छन् । तर आज मान्छे धपेडीमा छ । तनावमा छ । गरिबी र बेरोजगारीले सताइएका छन् । यावत् कुराले उनीहरुको मनस्थिति खलबलिएको छ । नतिजा, यौनमा उनीहरु मानसिक रुपले पूर्ण सहभागी हुन सकिरहेका छैनन् । ‘तनावमा भएको बेला गरिने यौन सम्पर्कबाट कुनै आनन्द अनुभव गर्न सकिंदैन,’ मनोचिकित्सक ज्ञवाली भन्छन्, ‘यो सन्तान उत्पादन गर्नका लागि मात्र हुन्छ ।’

उनका अनुसार यौन सुख भनेको पुरुष र महिलाले गर्ने यौन सम्पर्क मात्र होइन । हात समातेर कुरा गर्ने, बसेर चिया खाने, करेसाबारीमा काम गर्ने, सुत्ने बेलामा कुनै विषयमा लामो समयसम्म छलफल गर्ने, सँगै किताब पढ्ने, स्पर्श गर्ने, चुम्बनले पनि यौन सुख प्राप्त गर्न सकिन्छ । शारीरिक सम्पर्कले मात्र यौन सुख दिन्छ भन्ने गलत धारणा रहेकाले आर्थिक कमजोरी, गरिबी, बेरोजगारी तथा धपेडीपूर्ण जीवनलाई व्यवस्थापन गरेर यौन सुख लिन सकिने उनको बुझाइ छ ।

सम्बन्धलाई एकदमै नियन्त्रण गर्न खोज्ने प्रवृत्तिले पनि यौन सुख प्राप्त गर्न नसकिने बताउँछिन्, मनोविद् कुवँर । यौन सम्पर्क मानसिक रुपमा तयार भएर गरियो भने मात्र वास्तविक यौन सन्तृष्टि सकिने उनको भनाइ छ । यौन भनेको एकदमै खुसी र आनन्दको बेलामा गरिने क्रियाकलाप भएकाले आर्थिक कमजोरी, गरिबी, बेरोजगारी तथा धपेडीपूर्ण जीवनले प्रत्यक्ष प्रभाव पार्ने मनोविद् गोपाल ढकाल बताउँछन् ।

# साहित्य

कथा

## कुटीमा बलेको दियो

✍ विमल लामिछाने

नेपाली संस्कृतिमा अढेको सुदूर पश्चिमको एउटा दूर्गम गाउँ, जहाँ बिहानको घामको किरण ढिलो गरी भूँइमा झर्दथ्यो र साँझसम्म आउँथ्यो । त्यस गाउँको विचमा खेतीकोलागि खोलिएको घुमाउरो र लामो कुलो थियो । कुलोको डिलैमा टाँसिएको एउटा फुसको छानो र चर्किएको ढोकावाल सानो कुटीमा बस्थे, बाबुराम र उनकी छोरी सुनिता ।

बाबुरामको जीवन गोधूली झैं थियो, न उज्यालो, न पूरै अन्धकार । उनका सपनाहरू पनि घरमाथिको कुलोको पानीजस्तै निरन्तर बगिरहन्थे । तर कहिल्यै पूरा भएनन् । श्रम र संघर्ष त बाबुरामका सहयात्री नै हुन् । जीवनको सौन्दर्य खोजीको धूपमा तप तप पसिना झर्थ्यो । टुप्पी समेत पलाउन नसक्नेगरी खुइलिएको तालु कहिलेकाहीं पोल्थ्यो पनि । तर जीवनमा सौन्दर्यको विहानी ल्याउने इच्छाशक्ति भने हटेको थिएन । उनकी श्रीमतीलाई त गरिबीले नै खायो । न औषधि समयमा पर्याप्त पाइन्, न आहार नै । केही वर्षअगाडि उनले रोग, शोक र भोकको पीडासहित संसार छाडेर गइन् । यो विछोडले दिएको पीडाको ढकनी बाबुरामले अझै उघार्न सकेका छैनन् ।

अलिमाथि खत्री साहुको कृषि फर्ममा बाबुरामको सानोतिनो नोकरी छ । उनले नोकरीको ठूलो हिस्सा छोरी सुनिताको पढाइमा खर्चेका छन् । बचत भएको पैसाले दु:खले परिवारको गुजारा चलेको थियो । छोरी सुनिता पाँच कक्षामा पढ्छिन् । उनलाई पढ्न मन त धेरै लाग्छ, तर कहिलेकाहीं कापीमा अक्षरहरू धुमिलिन्छन् । बल्दै गरेको दीयोमा बर्तन सकिन्छ । दैनिकी चल्नै कठिन थियो । अभावकै कारण पेट र सपनाबीच सन्तुलन मिलाउनु बच्चा मनस्थितिका लागि कहिलेकाहीं भारी हुन्थ्यो ।

तिहार नजिकिँदै थियो । गाउँभरि झिलिमिली लाइट, देउसीभैलोका रियर्ल्सल, बजारमा भीडभाड । मानिसहरू सजावटका सामान र नयाँ कपडा किनिरहेका थिए । मिठाइका पसलहरूबाट तेलसँगै पीठो र चिनीको गन्ध फैलिरहेको थियो । तर बाबुरामको कुटीमा तिहार एउटा मौन सम्झनाको कथा जस्तै छ । पीडाले पोतिएको, मौनताले ढाकिएको । करसा र पिँढीका कुनाहरुमा मखमली ढकमक्क छन् तर मन बचैन छ ।

एक साँझ सुनिताले चम्किलो स्वरमा भनिन्, ‘बाबा, हामी पनि झिलिमिली बत्तीका लहराले घर सिँगारौं न । मैनबत्ती बालौं न । सबै साथीहरूलेको तिहारमा घर झिलिमिली हुन्छ रे ! छिमेकीहरु पनि उज्यालोको रमझममा नाचेका छन् । मस्तीमा छन् सबै ।’ बाबुरामले छोरीतिर हेरे । थकित आँखा, झुलिरहेको अनुहार मा मुस्कानको झल्को आयो, ‘छोरी, हाम्रो तिहार फरक हुन्छ । हामी बत्ती होइन, उज्यालो मनले तिहार मनाउँनु पर्छ ।’ बाबुरामको साहित्यले सुनिताको बाल मष्तिस्कलाई छुन सकेन । बरु उल्टै बाबाको बुझाइप्रति खिन्नता प्रकट गर्दै कोल्टे फेरिन ।

त्यो रात बाबुराम चुपचाप ढोका बन्द गरेर पल्टिए पनि निदाउन सकेनन् । सुनिताका आशातित आँखामा देखिएको एउटा सानो निराशाको लप्कोले उनलाई भतभती पोलिरहेको थियो । नोकरीबाट आएको पैसापनि तिहार अगाबै छोरीको परीक्षा शुल्क तिरेका थिए । बाँकी रहेको केही पैसा छरछिमेकमा तिरोभरो गर्न पनि अपुग थियो । बिहान सबेरै उठे । भारी मन । उनले पुरानो झोला काँधमा हालेर नजिकैको बजार चोकतिर हान्निए, पैसाको खोजीमा । तिहारको छुट्टी भइसकेको थियो । बजारमा काम भेटिने छाँटकाँट नदेखेपछि पुन: उही खत्री साहुँ सम्झिए । उनीसँगै अनुनय विनय गरे । केही समय पसिना बगाउने मनसाय पोखे । तर साहुले नसुने झैं गरेपछि बाबुराम मनमनै कुँडिए, ‘खत्रीसाहु त कामका भोका न हुन् । गरिबको अनुनय त उनीहरुलाई जोक्करको नखरा जस्तो लाग्छ ।’ तरपनि बाध्यता थियो, भोली पनि खत्रीसाहुलाई बाबुरामको पसिना चाहिने सम्झिएर काम दिए ।

दिनभरको टन्टलापुर घाममा भर्खरै बाँझो पल्टाएको साहुको टारबारीमा मलका भारी पोखे । पसिना झारेर जीवनको एउटा सानो उज्यालो किन्ने उनको इच्छा मनभरी तैरिएको थियो, जस्तोसुकै कडा परिश्रम पनि यो बेला उनकोलागि बाध्यताको मुखारी बनेको थियो । भोक र थकान पत्तै भएन ।

साँझ घर फर्किंदा उनको हातमा दुई थान साना मैनबत्ती थिए, आधा किलो चिनी, र कुलामाथिको डाँडाबारी दमाईं दाइका गोठको बलेँसीबाट छिमेकी दमेनी कान्छीले टिपेर तिहार मनाउन थमाईदिएको एक मुठ्ठी बोडी, करेला र एकझुप्पो सयपत्री फूल । किनेको होइन, छिमेकीको भावना बुझेर थमाइदिएको त्यो बोडी, करेला र फूलको झुप्पो बाबुरामका लागि अमूल्य थियो । उनी घर फर्किए । मैनबत्ती, चिनी र फूलको झुप्पो छोरी सुनितालाई थमाइदिए । साँझ सुनिता फूलको माला गाँथिरहेकी थिइन् । उनका साना औंलाहरू धागोमा फूल उनिँदैगर्दा बाबुरामको मनमा एउटा चेतना आयो, संसारको सबैभन्दा सुन्दर सजावट भनेकै ‘खुशी’ हो, त्यो पनि बालापनको निष्कलंक ‘खुशी’ । भनिन्छ, हरेक बाबुआमाको सन्तुष्टी छोराछोरीको खुशीमा छचल्किएको हुन्छ ।

बाबुछोरी भित्र पसे, दीयो बाले र मैनबत्तीको उज्यालोमा बाबुरामले सुनितालाई टिका लगाइदिए, अनि लक्ष्मी सम्झिएर ढोगीदिए । दुई मैनबत्तीको मधुरो उज्यालोमा लक्ष्मीपूजा सकियो । त्यो साँझ गाउँभरी मैनबत्ती बलेको थियो, सहरमा विजुली बत्तीका लहराको थुप्रो थियो । तर साँचो तिहार न त बत्तीको संख्या थियो, न मिठाइको महक । साँचो तिहार त त्यो अनुहार थियो, जहाँ बाबुले छोरीको हाँसो हेरेर जिउन चाहन्छन् । त्यहीं लक्ष्मीको बास थियो, जहाँ बाबुरामले बगाएको पसिनामा लक्ष्मी मुस्कुराएकी थिइन् । त्यो दृष्टि लक्ष्मीको थियो, जहाँ बोडी, करेला र सयपत्रीको झुप्पो उपहार आाएको थियो । छिमेकीले छिमेकीको दर्द बुझ्नसके उज्यालो केवल करेन्टले हैन, करुणाले पनि जन्मिन्छ । बाबुरामलाई लाग्छ, तिहारको सन्देश पनि यही हो । शरीर र मनको सफाई, माया र ममताको उज्यालो, अनि जीवनप्रति समर्पणको श्रद्धा । दीप पैसाले किनेर होइन, भावना साटेर बाल्नुपर्छ, ताकि उज्यालो भित्रबाट फूटोस् ।

घरको भित्तामा खोपीमा राखिएको पुरानो रेडियोमा देउसी गीत बजिरहेको थियो, आँगनमा ओल्लो पल्लो घरका साना नानीहरु भेला भएर ‘भैलो रे...भैलो रे... भनिरहेका थिए । त्यो स्वर हावाको गतिसँगै तरंगित भएर कुटीको चिसो भित्ताबाट टुक्रिँदै भित्र पस्दै थियो । सुनिताले थालमा चिनी र अलिकति चामल राखेर छिमेकीहरूसँगै भैलो गाइन् । छिमेकी दिदीहरु हाँस्दै बोले, ‘ओहो ! सुनितापनि आएकी ! भैली त मिठो गाउँदी रहिछ्यौ’ ।

बाहिरको संसार झिलिमिली थियो, रंगीचंगी थियो । तर त्यो रंगहरूभित्र कतिपय अनुहारहरू थाकेका थिए, नमीठो मौनताले भरिएका थिए । बत्ती त बलेकै थियो, तर उज्यालो चमक थिएन । बाबुरामको कुटीचाहिँ सानो थियो, अध्यारो थियो, तर भित्र पार शमणीको ज्योति झै चमक दिने उज्यालो थियो, जसको एउटै कारण हो ‘छोरीको खुशी’ । जहाँ छोरीको हाँसोमा बाबुले सारा पीडा र गरिबीको थकान पनि भुलेको थियो ।

त्यो रात बाबुरामले बुझे, तिहार झिलिमिली बत्तीले होइन, ममताको उज्यालोले रमाइलो बन्दोरहेछ । बत्तीको प्रकाश क्षणिक हो, तर छोराछोरी (परिवार)को मुस्कान सदाबहार अनि सार्थक रहेछ । छोरी रेडियोको तालमा स्वर मिसाउँदै थिइन्, बाबुराम लय थप्तै छोरीको खुशीमा थपडी बजाएर रमाइरहेका थिए ।

कविता

## मेरी उनी



✍ भीम बिष्ट

मेरी उनी–  
जीवनको आकाशमा टाँगिएको  
पूर्णचन्द्रमा हुन्,  
जसरी अँध्यारो रातलाई  
न्यानो उज्यालोले सजाउँछ ।

उनको मुस्कान–  
फूलको सुवास जस्तै,  
देख्ने बित्तिकै मुटुमा  
वसन्त पलाउँछ ।

उनको नजर–  
समुद्रको गहिराइ हो,  
जहाँ डुबेर फर्कन मन लाग्दैन,  
म भने नाव बिना यात्रु जस्तो,  
हराएर पनि रमाइरहेछु ।

उनको मौनता–  
कविता नलेखिएको पाना जस्तो,  
तर त्यो खालीपनमै  
सबैभन्दा गहिरा अर्थहरू लुकेका छन् ।

उनले मेरो नाम बोल्दा–  
घण्टी बजेको ध्वनि जस्तो लाग्छ,  
जहाँ प्रत्येक तरङ्ग  
स्वर्गीय राग बनेर फैलिन्छ ।

मेरी उनी–  
सपना मात्र होइन,  
मन्दिरको मूर्ति हुन्,  
जसलाई फदयले पूजा गरिरहन्छ,  
तर स्पर्श गर्न सक्दैन ।

कविता

## वन्दी मानस

✍ कृष्ण उपाध्याय

मनमनै मग्न म मानस  
लक्ष अलक्ष अभेदमा  
कञ्चन कञ्चन कञ्चनजङ्गाबाट झर्दा  
तमोर तिरैतिर तमोरमा तरंगित हुन्छु म ।

स्वतन्त्र म,  
मनोरम मनमोहक दृश्य परिदृश्यमा  
कोइलीका कोकिल स्वरसुधामा  
चम्पा चमेलिका गन्ध सुगन्धमा  
पल्लवित पिपलका स्पृश्य स्पर्शमा  
फलदका फलैफलका फलाहारका फलाशामा  
वन्दीगृहको वन्दीजस्तै वन्दी वने म ।  
वन्दी छन् मेरा पंचेन्द्रिय  
वन्दी छ मेरो मन ।

मनै त हो  
यो वन्दी हुन्छ, मुक्त हुन्छ ।  
वन्दी हुँदा वन्दी हुन्छ मान्छे  
हुँदा मुक्त उन्मुक्त हुन्छ मान्छे ।

झरना जस्तै झर्दा झर्दै  
तमोरको तरंगित तरङ्गमा तैरिदा तैरिदै  
कोशीको कलरवमा रम्दा रम्दै  
अङ्गदा आच्छादित अङ्गनामा अवतरित म  
वन्दी बनें अङ्गनाका अङ्गमा ।

अनि त भ्रमर जस्तै भ्रान्त विभ्रांत छु म  
आफैलाई आज मानस भन्छु म  
भोलि अङ्गना !  
कहिले अङ्गी भन्छु  
कहिले संगी भन्छु ।

चताराको वास हुँदा यहि भ्रममा हुन्छु म  
अङ्गनाको वास हुँदा यहि भ्रममा हुन्छु म ।  
अङ्गनाका अङ्ग, अङ्ग हुन् मेरा पनि  
तिनै अङ्गमा अड्किएको छु म  
तिनै अङ्गबाटै त रसास्वादन गर्छु म  
मोहक मिठो  
दृश्य परिदृश्यका,  
सुरिलो स्वरका,  
गन्ध सुगन्धका,  
स्निग्ध स्पर्शका,  
स्वादका ।

त्यतै बाधिएर वन्दी छ मधुर मन  
मधुर मदक मन टाँसीएको छ त्यतै  
छालामा मसक टाँसीए जस्तै ।

कविता

## कोलकाता-२

✍ नवीन पौड्याल

कोलकाता तिमी चलाक छौ, बाचाल छौ  
तिमी लुपहोल खोज्न माहिर छौ ।  
तिमी श्रेष्ठताको ग्रन्थिले भरपूर छौ ।  
तिमी विद्यामा सचेत हौ  
तिमी तर धेरै कम्युनल छौ  
तिमीले आफुबाहेक अरूलाई मान्छे गन्दैनौ

तिमीमा चाकरीवृत्ति बढी छ  
तिमीभन्दा अरू पनि ठुलो संसार छ  
तिमी त अहिलेसम्म १९११ मा नै छौ  
तिम्रो मोलभाव दिनदिनै घटिरहेको छ  
तिमी पहिलेनै आधुनिक भइकेका थियौ ।  
तर अघि बढ्न सकेका छैनौ ।  
तिमी त स्वार्थकेन्द्रित बाबु हौ ।  
तिमी त कानुन जान्ने कारिन्दा हौ ।  
तिमी डाडु पुन्युँ हौ ।  
तिमीले पस्केर दिएकामा अरूले सदा हात  
थापिरहन पर्छ ।

तिम्रो आदेश सुन्न अरू आतुर हुनुपर्छ ।  
तिमी रातदिन गर्मी झेलिरहेका छौ  
तिमी दिनहुँ कोलाहलसित भिडिरहेका छौ ।  
सुस्तरी आवाज सुन्दैनौ तिमी  
तिमीलाई बोलाउन चिच्याहट चाहिन्छ  
तिमीलाई भेट्न सकिन्न  
स्वार्थमा, चाकरीमा र आडम्बरमा ।  
तिमी सर्वश्रेष्ठ हौ अरू होइनन्  
तिमी नै विद्वान हौ अरू लठुवा हुन्  
तिमी सर्वेसर्वा हौ, अरू काजेर मानुष हुन् ।

## गजल

✍ अनामिका

एउटा कलम उपहार पठाइदेऊ न सानु  
विरहको पीडा पोख्छु सुनिदेऊ न सानु ।

पुग्यौं तिमी कोशौ टाढा सपनीमा आउछौं सधै,  
मनको कथा लेख्छु मैले बुझिदेऊ न सानु ।

छिट्टै आउछु लिन भनी छाडिगाथ्यौं एक्लै,  
कसूर मेरो के नै थियो भनीदेऊ न सानु ।

सबको जोडी सँगै देख्दा डाहा हुन्छ मलाई,  
भक्कानिएर फुट्छ मुटु थुनिदेऊ न सानु ।

तिमी त्यता म यता जीवनभरि यस्तै होकि,  
साँच्चै माया गर्थ्यौ कि नाइ, बताइदेऊ न सानु ।

# मलेसियाको १० बुँदे श्रम मापदण्डविरुद्ध सरकार र व्यवसायी एकमुख



काठमाडौं/मलेसियाले नेपालसहित पाँच देशका म्यानपावर कम्पनीका लागि तय गरेको नयाँ मापदण्ड विरुद्ध नेपाल सरकार र म्यानपावर व्यवसायी एकमुख भएका छन् । मलेसियाको परराष्ट्र मन्त्रालय मार्फत नेपाललाई प्राप्त पत्रमा १५ नोभेम्बर २०२५ भित्र उक्त मापदण्ड भित्र पर्ने कम्पनीको विवरण बुझाउन भनिएको छ ।

परराष्ट्र मन्त्रालय मार्फत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्र आएपछि सरकार र म्यानपावर व्यवसायी दुवैले विरोध जनाएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले बिहीबार पत्रकार सम्मेलन नै गरेर उक्त मापदण्डको विरोध गरेको थियो । त्यस्तै हिजो नै श्रम मन्त्रालयले समेत प्रेस विज्ञप्ति मार्फत उक्त पत्रबारे गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो । पत्र प्राप्त भएको र उक्त पत्रपछि सरोकारवाला पक्षसँग छलफल गरेर आवश्यक निर्णय गरिने मन्त्रालयले प्रष्ट पारेको छ ।

मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले प्रेस विज्ञप्ति जारी गर्दै मलेसियामा नेपाली श्रमिक पठाउन निश्चित म्यानपावर कम्पनीलाई फाइदा पुग्ने गरी 'सिन्डिकेट' गर्ने प्रयास भइरहेको भन्ने समाचारप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको बताएका थिए । 'नेपालको संविधान, वैदेशिक रोजगार ऐन तथा नियमावली, श्रम तथा रोजगार नीति, द्विपक्षीय सम्झौता र अन्तर्राष्ट्रिय कानुनी प्रावधानका दायराभित्र रही सबै पक्षसँग छलफल गरेर उपयुक्त निर्णय लिइने छ ।'

नेपाली श्रमिकको हकहित सुरक्षित गर्न सरकारका सम्बद्ध निकाय र सरोकारवालासँग छलफल भइरहेको र आवश्यक कूटनीतिक पहल अघि बढाइएको श्रम मन्त्रालयले जनाएको छ । श्रम मन्त्रालयले वैदेशिक रोजगारी सुरक्षित, मर्यादित र नियमित बनाउन श्रमिकका अधिकारलाई उच्च प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम अघि बढाइरहेको जनाएको छ । नेपाल र मलेसियाबीच २९ नोभेम्बर २०१८ मा भएको श्रम समझदारी नवीकरण अन्तिम चरणमा पुगेको मन्त्रालयले स्मरण गराएको थियो ।

प्रधानमन्त्री सुशीला कार्कीले समेत उक्त मापदण्डप्रति ध्यानाकर्षण जनाउँदै श्रम सचिव डा. कृष्णहरि पुष्करलाई अध्ययन गर्न निर्देशन दिएकी थिइन् । व्यवसायीका लागि तोकिएको नयाँ मापदण्डका कारण पर्न सक्ने सम्भावित असर अध्ययन गरी आवश्यक पहलकदमीका लागि गृहकार्य गर्न निर्देशन दिएकी हुन् । बिहीबार आफ्नो कार्यकक्षमा बोलाएर यस विषयमा जानकारी लिएकी थिइन् ।

सचिव पुष्करले मलेसियाले जारी गरेको नयाँ मापदण्डबारे जानकारी प्राप्त भएको र कूटनीतिक रूपमा यस विषयको सम्बोधन गर्नुपर्ने प्रधानमन्त्रीलाई बताएका थिए । प्रधानमन्त्री कार्कीले परराष्ट्र, अर्थ र श्रम मन्त्रालयसँग पनि समन्वय गर्न आग्रह गरेकी थिइन् । त्यस्तै प्रधानमन्त्री कार्कीले आज अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव एकनारायण अर्याल लगायतसँग समेत छलफल गरिन् ।

छलफलपछि मलेसियाले पठाएको १० बुँदे मापदण्ड प्रस्तावमात्र भएको र अन्तिम नभएको निष्कर्ष निकालिएको छ । द्विपक्षीय वार्ताका माध्यमबाट नेपाली श्रमिक र व्यवसायी दुवैको अधिकतम हित हुने गरी मर्यादित र सुरक्षित रोजगारी सुनिश्चित गर्ने गरी निष्कर्ष निकालिएको थियो ।

**कडा प्रतिवाद गर्ने व्यवसायीको चेतावनी**

म्यानपावर व्यवयासीले समेत उक्त मापदण्डप्रति आपत्ति जनाएका छन् । संघले बिहीबार पत्रकार सम्मेलन गरेर विरोध जनाएको थियो । संघ अध्यक्ष भुवनसिंह गुरुङले मापदण्डका नाममा व्यवसायीमाथि सिन्डिकेट लगाउन खोजिएको बताए । उक्त मापदण्ड नेपाली व्यवसायीलाई मान्य नहुने उनको भनाइ छ ।

मलेसियाले माग गरे अनुसार मापदण्डभित्र पर्ने व्यवसायीको सूचीमा कसैको नाम पनि नपठाउने चेतावनी दिए । 'उक्त मापदण्ड अनुसारको सूची देऊ भनेर पत्र पठाएको रहेछ, संघले कोही पनि त्यो मापदण्डका छैनन् भनेर कसैको नाम पनि दिँदैन,' अध्यक्ष गुरुङले भने । सिन्डिकेटका लागि मापदण्ड अघि सारिएको बताउँदै जबर्जस्ती लागु गरिए मलेसिया सधैंका लागि बन्द गर्ने चेतावनी उनले दिए । मापदण्डका नाममा सिन्डिकेट लगाउन खोजिए आफूहरू सडक आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी उनको छ ।

उनले मापदण्डका नाममा सिन्डिकेट लगाउन केही नेपाली सक्रिय रहेको दाबी गर्दै उनीहरूलाई समयमै सच्चिन चेतावनी दिए । 'जोजो सिन्डिकेट लागु गर्न अघि सरेका छन्, अहिले जुन अवस्थामा हो, त्यही अवस्थाबाट पछि हटे हुन्छ,' गुरुङले चेतावनी दिए, 'सिन्डिकेटको पक्षमा लागिरहे संघले सिन्डिकेटधारीको उठिबास लगाउँछ ।' म्यानपावर व्यवसायीलाई नेपाल सरकारले लाइसेन्स दिने तर त्यसको नियमन मलेसिया सरकारले गर्न खोज्नु नाजायज भएको उनको तर्क छ ।

'नेपाल सरकारले हामीलाई लाइसेन्स दिन्छ, नेपाल सरकारले नै नियमन गर्छ तर मापदण्ड चाहिँ मलेसिया सरकारको मान्नुपर्ने ?,' उनले भने, 'यो कदापि हुन सक्दैन, हामी मान्दैनौं, बरु कामदार नै मलेसिया पठाउन बन्द गरिदिन्छौं ।' मलेसिया धेरै नेपाली कामदार वैदेशिक रोजगारीमा जाने गन्तव्यमा पर्छ । नेपालमा करिब १ हजार २ सय वैदेशिक रोजगार व्यवसायीमध्ये ९ सय वटा मलेसियाकै व्यवसायमा आश्रित छन् । मलेसियाको नयाँ मापदण्डले नेपालका करिब एक दर्जन ठूला कम्पनीमात्र उक्त मुलुकमा कामदार पठाउन योग्य हुने वैदेशिक रोजगारी व्यवसायीको भनाइ छ ।

**१० बुँदे मापदण्डमा के छ ?**

मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई पत्राचार गरेर १० बुँदे मापदण्डबारे जानकारी गराएको थियो । दूतावासले सोही अनुसारको जानकारी नेपाल सरकारलाई गराएको थियो । मलेसियाको मानव संसाधन मन्त्रालयले १५ नोभेम्बर २०२५ भित्र म्यानपावर कम्पनीहरूको विवरण पठाउन अनुरोध गरेको छ । मलेसियाले नेपाल, भारत, बंगालादेश, पाकिस्तान र म्यानमारका म्यानपावर व्यवसायीका लागि १० बुँदे नयाँ मापदण्ड बनाएको हो ।

जसमा इजाजतपत्र लिएको कम्तीमा पाँच वर्ष भएको हुनुपर्ने, पछिल्लो तीन वर्षमा ३ हजार श्रमिक पठाएको अनुभव र प्रमाण हुनुपर्ने, एजेन्सीहरूले पछिल्ला पाँच वर्षभित्र कम्तीमा तीन देशमा श्रमिक पठाएको रेकर्ड हुनुपर्ने, सम्बन्धित निकायबाट तालिम, मूल्यांकन, भर्ती र कामदार पठाउने सम्बन्धी सबै वैध अनुमति प्राप्त गरेको हुनुपर्ने र आफ्नो देशका सम्बन्धित निकायबाट जारी गरिएको सदाचार (गुड कन्डक्ट सर्टिफिकेट) प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने छ ।

त्यस्तै म्यानपावरले कुनै प्रकारका जबर्जस्ती श्रम, मानव बेचबिखन, श्रम ऐन उल्लंघन, जबर्जस्ती असुली, ठगी वा अन्य आर्थिक आपराधिक क्रियाकलापमा संलग्न नरहेको हुनुपर्ने, अन्तर्राष्ट्रिय रोजगारदाताबाट प्राप्त सिफारिस पत्र (टेस्टिमोनियल) पेस गर्नुपर्ने, जसमा ती रोजगारदालताले उक्त एजेन्सी मार्फत कामदार भर्ना गरेको विवरण हुनेछ । त्यसैगरी कम्तीमा १० हजार वर्गफिट स्थायी रूपमा सञ्चालनमा रहेको कार्यालय हुनुपर्ने, जसमा पर्याप्त पूर्वाधार र आवश्यक सुविधा उपलब्ध भएर सम्पूर्ण कार्य सञ्चालन गर्न सकिने अवस्था भएको हुनुपर्ने र म्यानपावरले गन्तव्य देश (मलेसिया) का सबै भर्तीसम्बन्धी कानुनी र प्रक्रियागत मापदण्ड पूरा गरेको प्रमाणका लागि आवश्यक कागजात पेस गर्नुपर्ने मापदण्ड तय गरेको हो ।

*(स्रोत: अनलाइनखबर)*

# उद्योगको लाइन काट्दा ४५० मेगावाट खेर, प्राधिकरणलाई दिनहुँ ५ करोड घाटा



काठमाडौं/देशभरिका २५ उद्योगको लाइन काट्दा विभिन्न निजी जलविद्युत् आयोजनाले उत्पादन गरेको ४ सय ५० मेगावाट खेर गएको छ । त्यसबापत नेपाल विद्युत् प्राधिकरण स्वयंलाई दैनिक ५ करोड रुपैयाँभन्दा बढी घाटा लाग्ने गरेको छ ।

अहिले देशभरिका १६ जलविद्युत् आयोजनाको ४ सय ५० मेगावाट विद्युत् 'कन्टिन्जेन्सी' मा रहेको प्राधिकरणको विद्युत् व्यापार विभागका निर्देशक कमल आचार्यले जानकारी दिए । विद्युत् कन्टिन्जेन्सी भनेको उत्पादन भए पनि नेपाल विद्युत् प्राधिकरणले नकिनेको विद्युत् हो ।

त्यसरी ठूलो मात्रामा प्राधिकरणले बिजुली नकिनिदिएपछि निजी क्षेत्रका जलविद्युत् कम्पनीलाई दैनिक करिब ६ करोड रुपैयाँ नोक्सान भइरहेको छ ।

प्राधिकरणले 'डेडिकेटेड' तथा 'ट्रंक लाइन' विवादमा ४ कात्तिकदेखि विभिन्न उद्योगको लाइन काट्न थालेको थियो । सुरुमा ६ उद्योगको लाइन काटिएकोमा पछि २५ उद्योगको लाइन काटिएको थियो । ती उद्योगले दैनिक करिब ३ सय मेगावाट खपत गर्ने गर्थे । यति ठूलो विद्युत् खपत गर्ने उद्योगको लाइन काटिएपछि त्यसको मार निजी ऊर्जा उत्पादक र प्राधिकरण स्वयंलाई नै परेको हो ।

उद्योगहरूमा विद्युत् काटेर बचत भएको विद्युत् निर्यात गरेर पैसा कमाइरहेको दाबी प्राधिकरणले गरेको छ । तर, प्राधिकरणले भारतमा अधिकतम १ हजार १ सय २५ मेगावाट र बंगलादेशमा अधिकतम ४० मेगावाट गरी १ हजार १ सय ६५ मेगावाट मात्रै निर्यात गर्न सक्ने क्षमता छ ।

प्राधिकरणका अनुसार पिक आवरमा नेपालभित्र १ हजार ७ सय ५२ मेगावाट माग हुन्छ । यस्तो अवस्थामा निर्यात र आन्तरिक खपत गरी करिब २ हजार ९ सय मेगावाट मात्रै खपत हुने अवस्था छ । तर, देशको उत्पादन क्षमता ३ हजार ६ सय मेगावाटभन्दा बढी पुगिसकेको छ । त्यसमध्ये केही आयोजना बाढीपहिरोका कारण बन्द रहँदा पनि देशमा उत्पादित विद्युत् खेर जाने अवस्था सिर्जना भएको छ ।

यस्तो अवस्थामा विद्युत खपत बढाउनेतर्फ प्राधिकरणले काम गर्नुपर्नेमा झन्डै ३ सय मेगावाट खपत गर्ने उद्योगहरूको लाइन काटिदिएको छ ।

त्यसका कारण उद्योग बन्द हुँदा उद्योगीले त घाटा बेहोरेका छन् नै निजी जलविद्युत् आयोजना र प्राधिकरण स्वयंले घाटा बेहोरिरहेको छ । निजी क्षेत्रका आयोजनाबाट ४ सय ५० मेगावाट नकिन्दा जलविद्युत् कम्पनीलाई दैनिक ५ करोड ९४ लाख रुपैयाँ र मासिक करिब १ अर्ब ७८ करोड रुपैयाँ घाटा भइरहेको छ । ४ सय ५० मेगावाट भनेको १ करोड ८ लाख युनिट हो ।

बर्खायाममा प्राधिकरणले औसत प्रतियुनिट करिब ५ रुपैयाँ ५० पैसामा निजी कम्पनीसँग बिजुली खरिद गर्छ । यस हिसाबले दैनिक ४ सय ४० मेगावाट नकिन्दा निजी क्षेत्रलाई दिनकै ६ करोड रुपैयाँ घाटा लागेको हो । अर्कातिर, प्राधिकरणले प्रतियुनिट औसत १० रुपैयाँ ८० पैसामा विद्युत् बिक्री गर्ने गरेको छ । यस्तो अवस्थामा एक युनिटमा प्राधिकरणलाई ५ रुपैयाँ ३० पैसा फाइदा हुन्छ । यस हिसाबले दैनिक ४ सय ५० मेगावाट खेर जाँदा प्राधिकरणलाई नै ५ करोड ७० लाख रुपैयाँ घाटा हुनुपर्ने हो ।

तर, आफूसँग भएको विद्युतमध्ये १३ प्रतिशत जति प्राविधिक नोक्सानीमा जाने प्राधिकरणको भनाइ छ । यस हिसाबले ४ सय ५० मेगावाट बेच्न नपाउँदा प्राधिकरणलाई दैनिक ४ करोड ९६ लाख रुपैयाँ घाटा पर्ने देखिन्छ ।

प्राधिकरणले यो वा त्यो बहानामा निजी ऊर्जा उत्पादकले उत्पादन गरेको विद्युत् नकिनेको ग्रिन इनर्जी आन्ट्रप्रेनर नेपाल (ग्रिन) का अध्यक्ष सूर्यप्रसाद अधिकारीले बताए ।

'विद्युत् प्राधिकरणसँग ऊर्जा उत्पादकहरूले गरेको विद्युत् खरिद सम्झौता (पीपीए) मा आयोजनाहरू कन्टिन्जेन्सीमा जाने वा नजाने भन्ने विषय उल्लेख छैन, यो विद्युत् प्राधिकरणले जबर्जस्ती लादेको सर्त हो,' अधिकारीले भने, 'प्राधिकरणले पूर्वाधार नबनाएको वा अन्य कारण विद्युत् लिन नसकेको जिम्मा हामी लिन सक्दैनौं ।'

विद्युत् आयोजनाहरूसँग सम्झौता गरेपछि निर्धारित समयमा विद्युत् उत्पादन गरेर दिन नसकेको अवस्थामा प्राधिकरणले अनेक हर्जाना लिने गरेको अधिकारीले बताए ।

'विद्युत् आयोजनाको काम समयमा विद्युत् उत्पादन गरेर दिने हो, त्यो दिएपछि प्राधिकरणले प्राविधिक समस्या देखाएर उम्किन मिल्दैन,' उनले भने, 'टेक अर पे भनेर पीपीए गरेपछि लिए पनि नलिए पनि हामीलाई रकम तिर्नैपर्छ ।' तर, प्राधिकरणले आफ्नो वित्तीय अवस्था बिग्रिन नदिन कन्टिन्जेन्सीका नाममा निजी ऊर्जा उत्पादकलाई धराशायी पार्न लागेको आरोप उनले लगाए ।

'प्राधिकरणको वित्तीय अवस्था बिग्रिन्छ भनेर आफ्नो काम समयमा गर्ने निजी क्षेत्रको बिजुली नै नकिन्ने र उनीहरूलाई नोक्सान पार्ने काम प्राधिकरणले गर्न मिल्दैन, हाम्रो ब्यालेन्स सिट बिगार्न मिल्दैन,' उनले भने, 'हामीलाई जुन मूल्य दिएको छ, त्यो कन्टिन्जेन्सी भनेर उम्किन मिल्दैन ।

*(स्रोत: अनलाइनखबर)*

# हलमा लाग्यो 'परान', प्रिमियरमा प्रशंसाको ओइरो



काठमाडौं/भावनात्मक सम्बन्धको कथामा आधारित फिल्म 'परान'ले शुक्रबारबाट प्रदर्शन यात्रा सुरू गरेको छ । एकल रिलिजको अवसर पाएको यो फिल्मले देशव्यापी ६४ शो प्राप्त गरेको छ । तर, प्रदर्शनको पहिलो दिन नै फिल्मले चुनौतीपूर्ण स्थिति सामना गर्नुपरेको छ । फिल्मको अग्रिम टिकट बुकिङ अपेक्षाअनुसार देखिएको छैन भने झरीका कारण बिहानी शो पनि प्रभावित बनेको छ ।

'परान'का लागि बक्स अफिसमा सबैभन्दा ठूलो चुनौतीको रूपमा फिल्म 'जेरी अन टप' रहेको छ । यसले दुई सातादेखि आक्रामक व्यापार गरिरहेकाले 'परान'ले हलमा टिक्नका लागि बलियो 'माउथ पब्लिसिटी' हासिल गर्न जरूरी छ । बिहीबार साँझ प्रिमियरमा फिल्मले प्राप्त गरेको प्रतिक्रिया हेर्दा 'वर्ड अफ माउथ'ले व्यापारिक गति समात्ने बलियो सम्भावना देखिन्छ ।

फिल्मको प्रिमियरमा कथावस्तु, संवाद, अभिनय, ब्याकग्राउन्ड म्यूजिक लगायतका पक्षको निकै प्रशंसा भएको थियो । फिल्म हेरि सकेपछि अधिकांश भावुक देखिएका थिए । अभिनेता हरिवंश आचार्यले 'परान' मनछुने फिल्म बनेको बताए । गायक रामकृष्ण ढकाल, निर्देशक सुयोग गुरुङ लगायतले पनि उत्कृष्ट पारिवारिक फिल्म बनेको बताउँदै दर्शकलाई एकपटक हेर्न अनुरोध गरे ।

दीपक प्रसाद आचार्य 'काकु'को निर्देशनमा बनेको यो फिल्ममा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविन खतिवडा, यमन श्रेष्ठ, बुद्धि तामाङ लगायतको अभिनय रहेको छ । चर्चित व्यापारिक घराना गोल्छा समूहका शेखर गोल्छा र प्रिज्मा एड्भर्टाइजिङका रञ्जित आचार्यले फिल्मको निर्माण गरेका हुन् ।

# 'हर्ष'को पोस्टरमा झल्किएको खगेन्द्र र वर्षाको प्रसन्नता




काठमाडौं/एकता पौडेलको निर्देशनमा बनेको फिल्म 'हर्ष'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । आगामी मंसिर १२ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्मको पोस्टरमा अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री वर्षा राउतसहित बाल कलाकार साइमन वादी हर्षित मुद्रामा देखिएका छन् । यसले फिल्मको कथा पारिवारिक सुख र सन्तुष्टिमा आधारित रहेको संकेत गर्छ ।

प्रशन्न पौडेल र विकास पौडेलको संयुक्त निर्माण रहेको यो फिल्ममा खगेन्द्र, वर्षा र साइमन सहित नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, सिर्जना नापित लगायतले अभिनय गरेका छन् । यसमा आलोक शुक्लाको छायांकन रहेको छ भने लोकेश बज्राचार्यको सम्पादन छ ।

निर्देशक पौडेल स्वयंको लेखन रहेको फिल्मका गीतमा समीर-हिमाल, वसन्त सापकोटा तथा एलिश कार्कीले संगीत दिएका छन् भने कोरियोग्राफी सुनिल क्षेत्री र निर्देशक पौडेल स्वयंको छ । अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको ब्यानरमा निर्माण भएको फिल्ममा स्वं. निर्देशक शिव रेग्मीले लेखेका गीत पनि समावेश गरिएको छ । निर्देशक पौडेल उनकै भान्जी हुन् ।

# प्रदीप अभिनीत 'एक्लो'को टिजरमा के छ ?



काठमाडौं/अंग्रेजी नयाँ वर्षको अवसर पारेर पुष १७ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'एक्लो'को टिजर सार्वजनिक गरिएको छ । एक मिनेटभन्दा लामो टिजरले फिल्मको रहस्यमय कथा र पात्रहरू बीचको तनावपूर्ण संघर्षको झलक प्रस्तुत गरेको छ । पैसा र सत्ताका लागि हुने लडाइँलाई फिल्मले मुख्य कथावस्तुका रूपमा अगाडि ल्याएको देखिन्छ ।

सस्पेन्स र थ्रिलरको संयोजन रहेको टिजरमा अभिनेता प्रदीप खड्का युद्ध कौशलयुक्त पात्रको रूपमा प्रस्तुत छन् । तर, उनको अनुहार पूर्ण रूपमा देखाइएको छैन । अभिनेत्री बेनिशा हमालको गेटअपले रानीको संकेत गरेको छ । कविता नेपाली र बेलायती अभिनेता जेमी बेकन ब्रिटिश पुलिसको भूमिकामा देखिएका छन् । टिजरले दर्शकमा फिल्मप्रति उत्सुकता बढाउने देखिन्छ ।

प्रदीप शाहीको लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा विजय लामा, सुनिल थापा, दीया पुन, दिनेश डिसी, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ लगायतले पनि अभिनय गरेका छन् । एनआरएन समूहको लगानी रहेको फिल्मको निर्मातामा प्रदीप खड्का पनि छन् ।

विनोद सुवेदी 'क्षितिज' कार्यकारी निर्माता रहेको 'एक्लो'को छायांकन बाबु श्रेष्ठले गरेका हुन् । यसमा रुपेश तामाङको सम्पादन, रोहित शाक्यको संगीत तथा राजु तामाङको द्वन्द्व निर्देशन रहेको छ । यो फिल्मको गत मेमा विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा स्टल नै राखेर प्रचार गरिएको थियो । यसपछि अन्तर्राष्ट्रिय बजारमा फिल्मको चर्चा चुलिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मिरमिरेदेखि साँझ अबेरसम्म काममा भेटिने श्रमिक अधिकृत 'दर्जी'

अञ्जली थापा

हेटौंडा, १४ कात्तिक/ बिहानको मिरमिरे उज्यालोमा बागमती गाउँपालिकाको केन्द्रतर्फको बाटोमा केही मानिसहरु बेल्चा र कोदालो बोकेर अगाडि बढिरहेका हुन्छन् । केहीको हातमा कोदालो, कोही ढुंगा उठाउँदै छन् र कोही हँस्यौली अनुहारले एकअर्कालाई 'शुभबिहानी' भन्दै स्वागत गर्दैछन् ।

गाउँपालिका अध्यक्ष सर्केश घलानले सात वर्ष अगाडिदेखि चलाएको श्रमदानको अभ्यासलाई आत्मसात् गर्दै त्यसै भीडभित्र हिलोले छ्यापिएको जुत्ता र मुस्कानले झल्किएको अनुहारसहित देखिन्छन् प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी । नेपालका अधिकांश सरकारी अधिकृत कार्यालयको कुर्सीमा सीमित देखिन्छन् तर, दर्जी भने फरक ढंगले चिनिएका छन् । हुन त बागमती गाउँपालिका अध्यक्ष घलान आफ्नै चाडबाड बिदामात्र होइन बिहान ५:०० बजेदेखि रातको १२:०० बजेसम्म कि त पालिका या त कार्यस्थलमा भेटिनु विगत सात वर्षदेखिको दैनिकी नै भइसकेको छ । तर, यहाँ प्रशासकीय अधिकृत भएर आएका दर्जीलाई पनि यही काममा भेट्दा भने स्थानीयको हौसला थप मजबुत भएको छ ।

बिदा, बिहान र साँझ जुनसुकै समय होस्, दर्जी गाउँको विकासका हरेक काममा आफ्नै हातले घामपानी साटेर सहभागी बन्ने गरेका छन् । गाउँका बूढाबूढी देखि विद्यालयका बालबालिकासम्मले उनलाई अब 'श्रमिक अधिकृत' भनेर चिन्न थालेका छन् । मकवानपुरको बागमती गाउँपालिकामा अहिले मापदण्डअनुसारको खेलमैदान, पक्की सडक र साना पुल बनेका छन् । यी संरचना सरकारी ठेक्काले होइन, श्रमदानले बनेका हुन् ।

गाउँपालिका अध्यक्षदेखि स्थानीय युवासम्म हरेक शनिबार बिहान बेल्चा बोकेर उपस्थित हुन्छन् । दर्जी र गाउँपालिका अध्यक्ष दुवै जनाले सामाजिक सञ्जालमा बिहानै 'शुभबिहानी, आज पनि श्रमदानमा भेटौं' भन्ने सन्देश पठाउँछन्, यो सन्देशले श्रमदानमा स्थानीयलाई जुटाइरहेको छ । त्यो सन्देश पढ्ने बित्तिकै गाउँका युवादेखि महिला



समूहसम्म काममा जुट्ने गरेको दर्जीको भनाइ छ । 'श्रमदानले पैसाको भन्दा मनको एकता ल्याउँछ', दर्जीको भनाइ छ, 'यो विकासभन्दा पनि सामाजिक भावना निर्माणको अभ्यास हो ।' अधिकृत दर्जीका अनुसार कार्यालयमा कागजमा मात्रै हस्ताक्षर गरेर विकास हुँदैन, गाउँको माटोमा पसिना बगाउँदामात्र विकासको स्वाद आउँछ । 'म आफ्नो पदको होइन, आफ्नो कामको जिम्मेवारीमा बाँधिएको छु', उनी भन्छन्, 'बागमतीको माटोमा पसिना बगाउन पाउनु नै मेरो पुरस्कार हो ।'

स्थानीय मुक्ति लामा भन्छन्, 'पहिले सरकारी कर्मचारी भनेपछि डर लाग्थ्यो, अब दर्जी सर आएपछि लाग्छ- कर्मचारी पनि हाम्रै साथी हुन्, हाम्रै गाउँको माटोमा पसिना बगाउने साथी ।' उनका अनुसार श्रमदान अभियानले गाउँपालिकाको स्वरुप नै फेरिदिएको छ । पहिले धुलो र हिलोमात्र देखिने बाटो अहिले कालोपत्रे भएको छ । खेतका छेउमा खेलमैदान, खोलामा पुल र सामुदायिक भवन निर्माण भएका छन् । लामाका अनुसार दर्जीको हरेक कुरा, हरेक शब्दमा अनुभव, जिम्मेवारी र सेवाको भावना मिसिएको महसुस हुन्छ ।

**सुनापतिबाट सुरु भएको यात्रा**

रामेछाप जिल्लाको सुनापति गाउँपालिकाको दुर्गम सानो गाउँमा जन्मेर हुर्किएका दर्जीको जीवनयात्रा पनि गाउँको बाटोझैं धुलाम्मे तर, दृढ छ । परिवारलाई वर्षमा पाँचछपटक मात्र भेट्ने उनको अधिकांश समय कार्यालय र श्रमदानमा नै बित्ने गरेको छ । विसं २०६९ फागुन २० गते उनले लोकसेवा आयोग नारायणी अञ्चल कार्यालय हेटौंडाबाट खरिदार पदमा सरकारी सेवा सुरु गरे ।

बाराको इनर्वासिरा र तेतरिया गाविसमा सचिवका रुपमा कामगर्दा उनले गाउँगाउँका समस्या नजिकबाट देखे । विसं २०७२ पुस १ गतेदेखि उनले सर्वोच्च अदालतमा नायबसुब्बाको जिम्मेवारी पाए । तर, कार्यालयको चमकदार कुर्सीभन्दा पनि उनलाई गाउँको माटो मन पर्यो, त्यसैले २०७४ साल मङ्सिर २५ गते शाखाअधिकृत बनेपछि उनले प्रशासनलाई व्यवहारसँग जोड्ने प्रण गरे । विसं २०७५ साल साउन ८ गतेदेखि ओखलढुंगाको लिखु गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा जिम्मेवारी सम्हालेको उनले बताए ।

ओखलढुंगामा उनले सामुदायिक विद्यालयमा छात्रवृत्ति पारदर्शी बनाउनेदेखि गाउँकै युवासँग सडक निर्माणमा सहभागिता बढाउने अभियान चलाउँदा आनन्द मिलेको बताए । त्यसपछि चिसङ्खुगढी गाउँपालिकामा काम गर्दा स्थानीय बासिन्दासँगै पहिलोपटक 'श्रमदानले सडक बन्छ' भन्ने अवधारणा व्यवहारमा उतारेको उनी सम्झन्छन् । वि.सं २०७८ मङ्सिर ५ गते सिन्धुलीको मरिण गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत बनेर त्यहाँ पनि श्रमदानको परम्परा स्थापित गरेको उनको भनाइ छ ।

दर्जी भन्छन्, 'श्रमदानमा रमाउने मलाई श्रमदानबाटै धेरै विकास निर्माण भइरहेको पालिकामा काम गर्न पाउँदा थप हौसला र जोश मिलेको छ ।' विसं २०८१ असोज ४ गतेदेखि मकवानपुरको बागमती गाउँपालिकामा आएपछि यो अभियानमा जुटेको उनी बताउँछन् । दर्जी कार्यालयमा पनि उत्तिकै व्यवस्थित र अनुशासित रहने पालिका अध्यक्ष घलानको भनाइ छ । अध्यक्ष घलानका अनुसार दर्जीको टेबलमा सधैं एउटा नोट लेखिएको हुन्छ- 'सेवाग्राही हाम्रा भगवान् हुन् ।' दर्जीकाअनुसार प्रशासन भनेको जनता र सरकारबीचको पुल हो, जसलाई पारदर्शिता, संवेदना र उत्तरदायित्वले मात्र मजबुत बनाउन सकिन्छ । 'सेवा लिन आउने नागरिक हाम्रा मालिक हुन् । सकेसम्म हरेक सेवाग्राहीलाई काम लिएर खुसीसाथ फर्काउन पाए सन्तोष मिल्छ', उनले भने ।

दर्जीले सेवाग्राहीसँग सधैं आत्मीय व्यवहार गर्ने सेवाग्राहीहरुको भनाइ छ । बागमती गाउँपालिकामा नागरिकता, जग्गा दर्ता, करतिर्ने प्रक्रिया सजिलो भएको स्थानीय बताउँछन् । अन्य कर्मचारीहरु पनि दर्जीसँगै बिहान सबेरै कार्यालय पुग्छन् । 'हाम्रो हाकिमले बिदामा पनि काम गर्नुहुन्छ भने हामी किन पछि पर्नु ?', एक कर्मचारीले हाँस्दै भने ।

**जनताको सरकार, जनताको हातबाट**

दर्जी र गाउँपालिका अध्यक्षको सहकार्यले अहिले बागमती गाउँपालिकामा 'जनताको सरकार' भन्ने वाक्यांश अर्थपूर्ण बनेको छ । गाउँपालिकाले स्थानीय स्रोत परिचालन गरेरमात्र होइन, जनताको श्रम र सहभागिताबाट काम सम्पन्न गर्ने अभ्यास सुरु गरेको छ । साना पुल, खानेपानीका पाइपलाइन, पर्खाल र विद्यालयको शौचालय निर्माण सबै श्रमदानकै बलमा सम्भव भएका छन् । स्थानीय युवा विवेक सिन्तान भन्छन्, 'दर्जी सर हामीसँगै कोदालो चलाउनुहुन्छ, उहाँ हाकिम होइन, साथी हो, जब उहाँ हामीसँगै पसिना बगाउनुहुन्छ, तब हामी पनि काम गर्न उत्साहित हुन्छौं ।'

सिन्तानका अनुसार कार्यालयमा हाकिम नियमित र सबेरै आएमा अन्य कर्मचारी पनि उत्तिकै जिम्मेवार बन्ने रहेछ भनेर थाहा पाउन बागमती गाउँपालिका हेरे पुग्छ । श्रमदानले गाउँको एकता बलियो बनाएको सिन्तानको भनाइ छ । पहिला जात, समुदाय र विचारमा विभाजित गाउँ अहिले एउटै उद्देश्यमा जोडिएको बताउँदै उनले गाउँ आफैं बनाउने अभियानमा लागेका कारण जेनजी आन्दोलनमा पनि पालिकाको सबै संरचना सुरक्षित भए ।

बागमतीका गाउँमा पसिना बगाउने किसानमात्रै देखिन्थे, अहिले त्यही माटोमा सरकारी अधिकृतदेखि जनप्रतिनिधिसम्म उभिएका छन् । त्यो दृश्य हेर्दा लाग्छ विकासको असली बाटो यन्त्र होइन, मानवको श्रम र भावना हो । दर्जीले देखाएको उदाहरणले अहिले अन्य गाउँपालिका कर्मचारी पनि प्रेरित भएका छन् । कसैले सडकमा झार उखेलेर सुरु गर्छन्, कसैले विद्यालयमा रङरोगन गर्छन् । श्रमदान अब सरकारी आदेश होइन, स्थानीय गौरव बन्न थालेको छ ।

नेपालजस्तो देशमा जहाँ स्रोत सीमित छन्, त्यहाँ ओमबहादुर दर्जीजस्ता अधिकृतहरु नै असली राष्ट्रसेवक हुन् । बागमती गाउँपालिकाले प्रमाणित गरेको छ-'देश विकासका लागि ठूलो बजेट होइन, साँचो निष्ठा र लगन चाहिन्छ ।' बागमती गाउँपालिकामा रंगशाला, कुलो, सडक, पुललगायत थुप्रै भौतिक पूर्वाधारसँग सम्बन्धित संरचनादेखि लिएर वृक्षरोपणका कार्य श्रमदानबाट भएका छन् ।

# पालुङ प्रहरीप्रमुख बज्राचार्यलाई थाहा नगरपालिकाको स्वागत



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ इलाका प्रहरी कार्यालय पालुङमा सरुवा भई आएकी प्रहरीनिरीक्षक (इन्सपेक्टर) रुक्सा बज्राचार्यलाई थाहा नगरपालिकामा स्वागत गरिएको छ ।

नगरपालिकामा एक कार्यक्रमको आयोजना गरी इन्सपेक्टर बज्राचार्यलाई स्वागत गरिएको हो । उनलाई थाहा नगरप्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत निरज पौडलले खादा लगाएर स्वागत गरेका हुन् । सो अवसरमा थाहानगरको सुरक्षा व्यवस्था र यहाँको वस्तुस्थितिका विषयमा छलफल भएको थियो ।

प्रहरीनिरीक्षक बज्राचार्यले सबैको सहयोगमा प्रहरीले सुरक्षालाई मजबुद बनाउन सकिने बताउँदै अन्तरकार्यालय समन्वय गर्ने प्रतिवद्धता व्यक्त गरिन् । नगरप्रमुख विष्टसहितले यसअघि पनि प्रहरी कार्यालयसँगको समन्वयमा काम गर्दै आएको बताउँदै यसलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा नगरप्रमुख विष्ट, उपपप्रमुख गोपाली, प्रमुख प्रशासकीय अधिकृत पौडेल, प्रशासन महाशाखा प्रमुख नविन खालिङ, आर्थिक प्रशासन शाखाप्रमुख अमर जिसी, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, सूचना अधिकारी सुजकुमार भुजेल, नगरप्रहरीलगायत उपस्थिति रहेको थियो । नेपाल प्रहरी अपराध अनुसन्धान कार्यालय कास्कीबाट सरुवा भई आएकी बज्राचार्य कार्तिक १३ गते हाजिर भएकी हुन् ।

# पाँच करोडको लागतमा पक्की पुल निर्माण हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ पूर्वी मकवानपुरको बागमती गाउँपालिका-३ स्थित चिरुवाखोलामा पाँच करोड रुपैयाँभन्दा बढीको लागतमा पक्की पुल निर्माण सुरु भएको छ ।

बागमती प्रदेश सरकारको लगानीमा बागमती गाउँपालिका-३ मा लखनखहरे-ज्ञानमन्दिर आधारभूत विद्यालय चिरुवागढन जोड्ने गरी चिरुवाखोलामा निर्माण हुने भएको हो । पाँच करोड पाँच लाख ५३ हजार रुपैयाँको लागतमा आगामी २०८३ असार ३० गतेसम्ममा निर्माण गर्नेगरी निर्माण कम्पनीसँग सम्झौता भएको पक्की पुलको लम्बाई ४० मिटर र चौडाई ८.४० मिटर रहेको छ । पुल निर्माणको बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले एक कार्यक्रमका बीच शिलान्याश गर्दै पुल निर्माणपछि स्थानीयको आयआर्जनसँगै जीवनस्तर सुधारमा सहयोग पुग्ने बताए ।

शिलान्याश कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी, वडा ३ का वडाध्यक्ष कमानसिं पाख्रिनलगायतको उपस्थिति रहेको थियो । वडाध्यक्ष पाख्रिनले पुल अभावमा स्थानीयले वर्षायाममा समस्या झेल्दै आएको बताउँदै पुल निर्माणपछि गाउँपालिका कार्यालय, जिल्ला सदरमुकाम र उपचारका लागि स्वास्थ्य संस्थामा पुग्न स्थानीय बासिन्दालाई सहज हुने बताए ।

उनले चिरुवाखोलामा पक्की पुल निर्माणपछि पालिकाको विकट बस्तीको रुपमा रहेको चिरुवागढनक्षेत्रका बासिन्दाले उत्पादन गर्ने कृषि तथा पशुजन्य उत्पादन बजारसम्म ल्याउन र स्थानीय आवतजावत गर्न सुविधा पुग्ने बताए ।

# सातै प्रदेशका मुख्यमन्त्रीसँग प्रधानमन्त्री कार्कीले छलफल गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले सातै प्रदेशका मुख्यमन्त्रीसँग फागुनमा हुने संसदीय निर्वाचनको विषयमा छलफल गर्ने भएकी छन् ।

प्रधानमन्त्री कार्कीले आइतबार दिउँसो ४ बजे प्रधानमन्त्री कार्यालयमा सातै प्रदेशका मुख्यमन्त्रीलाई निर्वाचनको विषयमा छलफल गर्न बोलाएकी छन् । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँका अनुसार अन्तरिम सरकार गठन भएपछि पहिलोपटक प्रधानमन्त्रीसँग देशको समसामयिक राजनीतिक विषय र फागुनमा हुने निर्वाचनबारे छलफलका लागि भेटघाट गर्न समय तय भएको हो ।

'प्रधानमन्त्रीज्यूले भेट्नका लागि समय निर्धारण गर्नुभएको छ । हामी सातै प्रदेशका मुख्यमन्त्रीले भेटमा देशको वर्तमान अवस्था, संसदीय निर्वाचन र प्रदेशको अवस्थाबारे छलफल गर्नेछौं,' बानियाँले भने ।

वर्तमान सरकार निर्वाचन गराउन गठन भएका कारण प्रदेशले निर्माण गर्ने कानुन, संघले प्रत्यायोजन गर्ने अधिकारलगायत विषयमा भने छलफल हुने सम्भावना नरहेको उनले बताए ।

प्रदेशका मुख्यमन्त्रीहरुले हरेक वर्ष अन्तरप्रदेश मुख्यमन्त्री भेला गरी संयुक्त घोषणापत्र जारी गर्दै प्रधानमन्त्रीलाई भेटेर संघीयताको पूर्णरुपमा कार्यान्वयन गर्न आवश्यक अधिकार माग गर्ने गरेका थिए । तर, यसवर्ष जेनजी आन्दोलनका कारण यस बैठक बस्न सकेको छैन ।

# यो वर्ष सखरखण्ड भन्दा पिँडालु महँगो

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ आज शनिबार हरिबोधिनी एकादशी हो । वर्षदिनमा पर्ने चौबीस वटा एकादशीमध्ये सबैभन्दा ठूलो एवं महत्वपूर्ण एकादशी हो । त्यसैले यसलाई ठूलो एकादशी पनि भनिन्छ ।

हरिबोधनी एकादशीका अवसरमा सहरीक्षेत्रको तरकारी बजारमा कन्दमूल र फलफूलको माग उल्लेखनीय रुपमा बढेको छ । विशेषगरी भगवान नारायणलाई चढाइने सक्खरखण्ड र पिँडालु जस्ता वस्तुको कारोबारमा विशेष चहलपहल देखिएको छ । हरिबोधनी एकादशीका दिन भगवान विष्णु (नारायण)लाई कन्दमूल-जस्तै सक्खर खण्ड, पिँडालु र विभिन्न फलफूल चढाएर ब्रतालुहरुले फलाहार गर्ने परम्परा छ । वर्षेनी यो अवसरमा यी वस्तुको उपभोग सामान्य दिनभन्दा धेरै बढ्ने गरेको छ ।

हेटौंडाको फलफूल तथा तरकारी बजारका व्यापारीका अनुसार, एकादशीकै अवसरमा माग बढे पनि वस्तुहरुको मूल्यमा मिश्रित प्रभाव परेको छ । यो वर्ष पिँडालु महँगो भएको छ । प्रतिकेजी एक सय ५० रुपैयाँको हाराहारीमा पिँडालु बिक्री भइरहेको छ । यस्तै सखरखण्ड भने प्रतिकेजी सय रुपैयाँको हाराहारीमा बिक्री भइरहेको छ । ठूलो एकादशीको दिन शिवालयहरुमा भक्तजनको भीड लाग्ने गरेको छ ।

**बिपद्को पूर्व तयारी गरौं ।**

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता बिपद्जन्य जोखिमबाट जोगिन:

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं, आधिकारिक जानकारीमा मात्र भर परौं ।

बिपद् रोक्न सकिदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ !

नेपाल सरकार
विज्ञापन बोर्ड

**श्री जनजागृति माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

हेटौंडा उपमहानगरपालिका, वडा नं.-१५, रातोमाटे, मकवानपुर
अटोमोबाइल ईन्जिनियरिङ्ग विषयमा २४ महिने प्रि-डिप्लोमा तह, औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) मा निःशुल्क प्रशिक्षणका लागि

**सुनौलो अवसर । सुनौलो अवसर ।। सुनौलो अवसर ।।।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट अनुमति प्राप्त गई संचालित, सामाजिक विकास मन्त्रालय बागमती प्रदेश कार्यालय र सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट निःशुल्क संचालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको अप्रेन्टिशीप औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा शैक्षिक-सत्र २०८२/०८३ को भर्नाका लागि अवसर खुलेको हुनाले १६ वर्ष पुगेका र SEE मा सबै विषयको परीक्षामा सम्मिलित भएका वा सो सरहको योग्यता पुगेका व्यक्तिले आवेदन दिन सक्नेछन् । भर्ना कोटा संख्या सीमित भएकोले समयमै फारम भरी मौकाको फाइदा उठाउनुहोला ।

| औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम किन ? | आवेदन कहाँ र कसरी दिने ? | फारम भर्न चाहिने आवश्यक कागजातहरु । |
|---|---|---|
| १. प्रशिक्षार्थीको शिक्षालय र आद्योगिक प्रतिष्ठान दुबै स्थानमा सीप मिल्ने अवसर पाउने ।<br>२. पेशासँग सम्बन्धित दक्ष व्यक्तिसँगै रहेर काम गर्न पाउने ।<br>३. तालिमको अवधिमा नै आय आर्जन हुने र तालिम पश्चात रोजगारी सुनिश्चित हुने ।<br>४. सफलतापूर्वक तालिम सम्पन्न गरेपछि प्रि-डिप्लोमा तहको प्रमाणपत्र पाइने । | १. विद्यालय प्रशासनमा सम्पर्क गरी आवेदन भर्ने अथवा CTEVT को Website : https://www.ctevt.org.np मा online फारम भर्न सकिने छ ।<br>२. फारम भर्ने समयावधि : २०८२/०६/२६ देखि २०८२/०७/२८ गते सम्म ।<br>३. फारम भर्न तथा तालिम अवधिभर कुनैपनि शुल्क लाग्ने छैन । | १. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो, व्यक्तिगत इमेल, मोबाइल नम्बर, नागरिकता तथा जन्म दर्ताको प्रतिलिपी ।<br>२. SLC/SEE मा सहभागिता भएको प्रमाणपत्रको प्रतिलिपी ।<br>३. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरह परीक्षा उत्तीर्ण गरेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रमाणित प्रतिलिपी । |

**नोट**: प्रशिक्षार्थीहरुलाई हाजिरी भएको दिनको रु. १००/- खाजा तथा भाडा भत्ता प्रदान गरिने छ । SEE मा NG आउने विद्यार्थीहरुले पनि अध्ययन गर्न पाइने छ । प्रशिक्षार्थीहरुको लागि रु. ७,००,०००/- बराबरको दुर्घटना बीमा सुविधा र प्रत्येक वर्ष रु. ३,००० बराबरको पोशाक सुविधा उपलब्ध हुने छ ।

**सम्पर्क: ९८४५०३०८७६ (प्राचार्य)**
**९८४१२०८९१९ (वि.व्य.स. अध्यक्ष)**
**९८६५२१००१६ (तालिम संयोजक)**
**९८४५२९७६२६ (कार्यक्रम संयोजक)**
**९८४५४६३११० (सूचना अधिकारी)**
**९८०४५०२०६५ (प्रशिक्षक)**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना